नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

मितिः २०७९।११।२५

## पशुपतिक्षेत्र परिसरमा सरसफाइ अभियान सम्बन्धी प्रेस विज्ञप्ति

विश्व सम्पदा सूचिमा सूचिकृत पशुपति क्षेत्रको नियमित सरसफाई गर्ने एवं व्यवस्थित बनाउने कार्यले विश्वकै आस्थाको केन्द्रको रूपमा रहेको पशुपति क्षेत्रको गरिमा र महत्त्व अझ बढ्न जाने देखिएकाले व्यवस्थित कार्ययोजना सहितको रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने र नियमित रूपमा सरसफाई गरी यस क्षेत्रलाई प्रमुख आकर्षणको केन्द्र बनाउन जरुरी छ । यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सम्बद्ध निकायहरूबाट सहयोग एवं सहकार्य हुन आवश्यक देखिएको छ । काठमाडौं उपत्यका भित्रका यस मन्त्रालय र अन्तर्गत निकायका पदाधिकारी एवं कर्मचारीहरू भौतिक रुपमा नै उपस्थित भई सरसफाई कार्यमा जुट्न र सरसफाई संस्कृतिको सांकेतिक सन्देश दिन आवश्यक देखिएको छ ।

सामूहिक रुपमा सहकार्य गर्दै नियमित एवं व्यवस्थित सरसफाई गरी पशुपति क्षेत्रलाई प्रमुख आकर्षक स्थल बनाउन योजनाबद्ध सरसफाई अभियानको लागि मिति २०७९।११।२७ गते शनिवारदेखि प्रत्येक शनिबार बिहान ८ बजेदेखि १० बजेसम्म बृहत सरसफाई कार्यक्रम आयोजना गरी तीन महिने सरसफाइ अभियान सञ्चालन गर्न नेपाल सरकार (मा.मन्त्रिस्तर) मिति २०७९।११।२५ को निर्णयानुसार मा. मन्त्रीज्यूको संयोजकत्व र मा. राज्यमन्त्रीज्यूको सहसंयोजकत्वमा २४ सदस्यीय निर्देशक समिति गठन गरिएको छ । उल्लिखित सरसफाइ कार्यक्रममा सहभागी भई पवित्र पाशुपत क्षेत्र बनाउने अभियानमा सरिक भइदिनुहुन यस मन्त्रालय सम्बद्ध उपत्यकास्थित निकायका पदाधिकारी एवं कर्मचारीहरू, संस्कृति एवं सम्पदाप्रेमी अभियन्ता, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्बद्ध सबैलाई हार्दिक अनुरोध गरिएको छ ।

राजेन्द्र कुमार के.सी.
सहसचिव एवं प्रवक्ता